प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कर्णाली प्रदेश, प्रदेश कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

## डिप्लोमा/प्रमाण पत्र तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटामा अध्ययन गर्न ईच्छुक परीक्षार्थीहरुलाई आवेदन दिने सम्वन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति २०७६।०७।०६)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा मिति २०७६।०४।१८ गते संचालन भएको **डिप्लोमा/प्रमाण पत्र तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति तर्फका विभिन्न कार्यक्रमहरुको प्रवेश परीक्षामा सम्मिलित भई वैकल्पिक तथा उत्तीर्ण सूचीमा रहेका (न्यूनतम GPA पुगेका) परीक्षार्थीहरुलाई यस कर्णाली प्रदेश अन्तर्गतका विभिन्न संस्थाहरुमा यस अघि भर्नाको लागि सिफारिस भई रिक्त रहन आएका कोटामा** र परिषद्द्वारा मिति २०७६।०६।१४ गते प्रकाशित सूचना बमोजिम सम्वन्धन स्वीकृती प्राप्त भएका विभिन्न जिल्लाका सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (टेक्स) कार्यक्रम संचालित विद्यालयहरुमा **परिषद्, परीक्षा नियन्त्रण कार्यालयको मिति २०७६।०६।१७ गतेको सूचना अनुसार यसै शैक्षिक सत्र देखि संचालन हुने तपशिल अनुसारका कार्यक्रमहरुमा अध्ययन गर्न ईच्छुक परीक्षार्थीहरुले मिति २०७६।०७।२० गते भित्र परिषद् कर्णाली प्रदेश, प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेतमा आवेदन फाराम भर्नुहुन जानकारी गराइन्छ ।**

साथै वैकल्पिक तथा उत्तीर्ण सूचीमा परीक्षार्थीहरु नरहेका कार्यक्रमहरुको हकमा न्यूनमत GPA पुगेका अन्य कार्यक्रमहरुका वैकल्पिक तथा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुले आवेदन दिनहुन जानकारी गराइन्छ । सम्बन्धित सामुदायिक बिद्यालयहरुमा कार्यक्रम संचालन भएमा मात्र आवेदक परीक्षार्थीहरुलाई भर्ना हुन सिफारिश गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपशिल :**

१. डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग
२. डिप्लोमा इन जियोम्याटिक्स इन्जिनियरिङ्ग (सर्भे)
३. डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ्ग
४. डिप्लोमा इन इन्फरमेशन टेक्नोलोजी (आई. टि)
५. डिप्लोमा इन फरेष्ट्री (वन विज्ञान)
६. डिप्लोमा इन एग्रिकल्चर (वाली विज्ञान)
७. डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान)

थप जानकारीको लागि यस प्रदेश कार्यालयको फोन नं. ०८३-५२३०२०, ५२१८८५ मा सम्पर्क राख्नु हुन समेत सूचित गरिन्छ ।

**यो सुचना CTEVT को website www.ctevt.org.np मा पनि हेर्न सकिने छ ।**

**निर्देशक**